आज मिति २०८२ जेठ २ गते शुक्रबारको दिन दार्मा गाउँपालिका आ.व. २०८१/८२ को १६ औं कार्यपालिका बैठक गाउँपालिका का.वा. अध्यक्ष श्री जुना मल्ल चन्द ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री जुना मल्ल चन्द | का.वा. अध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री टेक बहादुर के.सी. | योजना शाखा |
| श्री महेश सुनार | रोजगार सेवा केन्द्र |
| श्री प्रकाश चन्द्र थापा | वास संयोजक, वास इकाई |
| श्री लोकेन्द्र के.सी. | राजस्व शाखा |
| श्री तिलक केसरी | प्राप. स्वास्थ्य |
| श्री माधव के.सी. | लेखा शाखा |
| श्री लिला ध्वज बस्नेत | लेखा शाखा |
| श्री रमेश देवकोटा | का.प. |

प्रस्तावहरु

१. मुख्यमन्त्री रोजगारको आयोजना छनौट सम्बन्धमा ।
२. बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यतालिमा सम्बन्धमा ।
३. पूर्ण सरसफाई उन्मुख टोल घोषणाको कार्यतालिका सम्बन्धमा ।
४. आन्तरिक राजश्व बृद्दी गर्ने सम्बन्धमा ।
५. मलेप प्रतिवेदन सम्बन्धमा ।
६. योजना तथा कार्यक्रमको अन्तिम भुक्तानी सम्बन्धमा ।
७. राय सुझाव पेश गर्ने सम्बन्धमा ।
८. स्पष्टिकरण सोध्ने सम्बन्धमा ।
९. विविध

**निर्णय नं १**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सुर्खेतको चलानी नम्बर ३०६२, मिति २०८२/०१/२१ गतेको पत्र अनुसार मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तरगत आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने तपसिलका आयोजनाहरु छनौट गरि पठाउने ।

| सि नं | आयोजनाको नाम | स्थान | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | स्याँलाखेत झाँपुखोला सिँचाईकुलो | दार्मा १ | १५००००० | |
| २ | झ्यारीबाङ साउगाउँ सिँचाइकुलो | दार्मा २ | १५००००० | |
| ३ | विशेटाकुरा पार्क निर्माण योजना | दार्मा ३ | १५००००० | |
| ४ | भारेखोला सिमखेत विरेखेत सिँचाईकुलो | दार्मा ४ | १५००००० | |
| ५ | थाङ्निखोला दमाईखोला राम्राखोला तटबन्धन योजना | दार्मा ५ | १५००००० | |
| ६ | खालि देखी पिपलबोट सम्म सिँचाईकुलो | दार्मा ६ | १५००००० | |

का.वा.अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं २

आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट को तयारी तपसिलको कार्यतालिका बमोजिम गर्ने गराउने ।

तपसिल

क) बजेट तथा कार्यक्रम तर्जुमा

| सि नं | क्रियाकलाप | समयसीमा | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | आय र व्ययको तथ्यांङ्क सहितको विवरण संघीय सरकारमा पेश गर्ने । | पौष मसान्त भित्र | प्र.प्र.अ | भैसकेको |
| | संघ र प्रदेश बाट बजेटको सीमा प्राप्त गर्ने | चैत्र मसान्त भित्र | | भैसकेको |
| २ | सोत अनुमान तथा बजेट सिमा निर्धारण | बैसाख १० गतेभित्र | सोत अनुमान समिति | भैसकेको |
| ३ | बस्तीतहमा योजना छनौट | जेठ १५ सम्म | वडा समिति | |
| ४ | वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण | जेठ २० सम्म | वडा समिति | |
| ५ | बजेट तथा कार्यक्रम तर्जुमा | जेठ २५ भित्र | बजेट तर्जुमा समिति | |
| ६ | कार्यपालिका बाट बजेट तथा कार्यक्रम स्वीकृति | असार ५ भित्र | कार्यपालिका | |
| ७ | सभामा बजेट पेश | असार ७ गते | गाउँसभा | |

ख) नीति तथा कार्यक्रम तयारी

१. बिषयगत समितिबाट नीति तथा कार्यक्रम प्राप्त गरिसक्ने – जेठ १५ गते भित्र

२. कार्यपालिकाबाट निति तथा कार्यक्रम स्वीकृत – जेठ २५ गते भित्र

३. गाउँसभामा नीति तथा कार्यक्रम पेश गर्ने- जेठ २८ गते

का.वा.अध्यक्ष

निर्णय प्रमाणित

रेशन ओली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ३**

दार्मा गाउँपालिकामा पूर्ण सरसफाई उन्मुख टोल घोषणा कार्यक्रम तपसिलको समयतालिका अनुसार गर्ने गराउने व्यवस्था मिलाउने ।

तपसिल

| सि नं | वडा | टोल | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं १ | ५ वटा | जेठ १३ गते | भदालेखोला र ठानागाउँ | |
| २ | वडा नं २ | ५ वटा | जेठ १४ गते | झ्यारीबाङ | |
| ३ | वडा नं ३ | ३ वटा | जेठ १६ गते | मलेअग्रे | |
| | वडा नं ६ | ४ वटा | जेठ २१ र २२ | अरबारे र ज्यामिरेचौर | |
| ४ | वडा नं ४ | २ वटा | जेठ २३ गते | तकमारा | |
| ५ | वडा नं ५ | २ वटा | जेठ २४ गते | वडा कार्यालय | |

**निर्णय नं ४**

गाउँपालिकाको आन्तरिक राजश्व बृद्दी गर्ने र यस बर्षका राजश्वका दरहरु हेरफेर गर्न राजश्व परामर्श समितिलाई प्रतिवेदन पेश गर्ने गरि तपसिलको उपसमिति गठन गर्ने ।

तपसिल

१. चन्द्र बहादुर रावत
२. देवी खत्री
३. लिलाध्वज वस्नेत
४. टेक बहादुर के.सी
५. हिरा खत्री

का.वा.अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ५

महालेखा परिक्षकको कार्यालयको ६२ औं प्रतिवेदनको अध्ययन गरि बेरुजु घटाउन आवश्यक सुझाव पेश गर्न प्रतिवेदनलाई लेखा समितिलाई पठाउने ।

निर्णय नं ६

दार्मा गाउँपालिकाको योजना तथा कार्यक्रमको भुक्तानी सम्बन्धमा शाखा तथा उपभोक्ता समितिहरुले योजना तथा कार्यक्रमको काम जेठ मसान्त भित्र सकेर असार १० भित्र लेखा शाखामा फाईल बुझाइसक्ने गरि कामकाज गर्ने गराउने ।

निर्णय नं ७

मालपोत कार्यालय सल्यानको चलानी नम्बर १८६९, मिति २०८२/०२/०१ गतेको पत्र अनुसार आ.व. २०८२/०८३ मा घर जग्गाको लिखत रजिष्ट्रेशन पारित गर्ने प्रयोजननको लागि घर जग्गाको न्युनतम मूल्याङ्कन (मूल्य निर्धारण) गर्न दार्मा गाउँपालिका भित्रका घर जग्गाको सम्बन्धमा तपसिल बमोजिम गर्ने ।

१. आ.व. २०८१/०८२ को मूल्याङ्न पुस्तिकामा उल्लेखित दार्मा गाउँपालिकाभित्रको जग्गाहरुको मूल्याङ्कन नवढाउने ।
२. दार्मा गाउँपालिका भित्र रहेका कुनै नयाँ ठाउँको जग्गाको मूल्याङ्कन थप नगर्ने

निर्णय नं ८

आधारभुत स्वास्थ्य तथा प्रसुतिसेवाकेन्द्र थुम्केसल्लीमा कार्यरत अ.न.मी. गिता के.सी. लाई स्वास्थ्य चौकी दार्माकोटमा आन्तरिक सरुवा गरिएकोमा निज गिता के.सी. सरुवा गरिएको कार्यालयमा नगएकोले निजलाई सेवाबाट हटाउन स्पष्टिकरण सोध्ने ।

निर्णय नं ९

का.वा.अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ को तपसिलको दफा बमोजिम देहायबमोजिमको आर्थिक सहायता प्रदान गर्ने ।`सहायता कोष[redacted] ~~रकम सकिएकोले विपद व्यवस्थापन कोषबाट~~ भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

तपसिल

| सि नं | नामथर | ठेगाना | रकम | दफा |
|---|---|---|---|---|
| १ | टरे कामी | वडा नं ४ | दाल चामल लगायत आवश्यक खाद्यान्न | मृतक परिवार |
| २ | चिनकाजी विश्वकर्मा को छोरा विकास वि.क. | वडा नं २ | १० हजार | |
| ३ | विरेन्द्र प्रकाश बस्नेत | वडा नं ६ | १० हजार | |
| ४ | मान बहादुर थापा | त्रिवेणी गा.पा सल्यान | २० हजार | सहयोग |
| ५ | खिम बहादुर वली | दार्मा | खाद्यान्न र गाडिभाडा | मृतक |
| ६ | टेकराज बस्नेत | दार्मा ४ | खाद्यान्न | मृतक |

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

का.वा.अध्यक्ष

निर्णय प्रमाणित